नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

पौष/माघ २०७० (January 2014) वर्ष १८/अङ्क २०२

## ‘२०१४ सालका लागि मण्डलीलाई परमप्रभुका केही आज्ञाहरू’

पाष्टर रोबर्ट कार्थक

परमप्रभुमा विश्वास गरेर प्रशस्त आशिष पाएका अब्रामसँग बसेकोले लूतले पनि धेरै आशिष पाएका थिए। ‘अब्रामका साथमा लागेका लूतका पनि भेंडा-बाखा र गाई-वस्तुहरूका बथान र पालहरू थिए (उत्पत्ति १३:५)। आशिष पाएका मानिसहरूसँग बसेर नै हामी पनि आशिषित बन्न सक्ने रहेछौं। अब्राम र लूत दुबैका भेंडा-बाखा, गाई-वस्तुहरू धेरै भएको हुनाले तिनीहरूलाई त्यस ठाउँमा सँगै बस्न गाह्रो भयो। तिनीहरूलाई एकसाथ बस्न प्रशस्त ठाउँ पनि भएन। तिनीहरूका गोठालाहरू पनि एका अर्कासँग मिलेर बस्न सकेनन् र तिनीहरू छुट्टिए। शिष्टाचारको नाताले पनि लूतले आफ्ना वयोवृद्ध काकालाई ठाउँ छान्नलाई पहिले मौका दिनु पर्नेथ्यो तर तिनले त्यसो गरेनन्। तिनी आफैले पहिले आफ्नो लागि परमप्रभुको बगैंचा जस्तै प्रशस्त पानीले भिजेको मलिलो यर्दनको बेंसी छाने। असल भाग लूतले लगे भनेर अब्राम कति पनि दुखित भएनन् किनकि परमप्रभुका प्रशस्त आशिष तिनीसँग थियो। आशिष नै नभएको बाँझो, रूखो जग्गा पनि आशिषित बनाउन सक्ने क्षमता तिनीसँग थियो। परमेश्वरको इच्छानुसार जस्तै ठाउँमा हामीलाई जान परे पनि हामीलाई आत्तिनु पर्दैन कारण परमेश्वरका आशिष मात्र होइन तर आशिषका परमेश्वर स्वयं हामीसित हुनुहुन्छ। आशिष नभएको ठाउँलाई पनि हामी आशिषित बनाउन सक्छौं। गलाती ३:९ मा लेखिएको छ, ‘यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष पाएका छन्।’ खीष्ट येशूमा विश्वास गरेर हामी अन्यजातिहरूले पनि अब्राहामका सन्तान बन्ने अधिकार पाएका छौं। गलाती ३:२९ मा पनि हामी पढ्छौं, ‘यदि तिमीहरू खीष्टका हौ भने ता तिमीहरू अब्राहामका सन्तान हौ र प्रतिज्ञा बमोजिम उत्तराधिकारीहरू हौ।’

हुन ता त्यस्तो बिरानो देशमा लूत जस्तो आफ्नो भतिजोलाई साथै राख्नु अब्रामको निम्ति धेरै राम्रो हुनेथ्यो तर तिनीहरूका गाई-वस्तु हेर्ने गोठालाहरू आपसमा झगडा गर्न लागेकोले पनि तिनीहरूलाई सँगै बस्न अलि गाह्रो बन्न गएको थियो। तिनीहरूलाई एका अर्काबाट अलग गर्नालाई पनि यो परमेश्वरको एउटा योजना हुनपर्छ। लूत साथै भएको भए अब्रामले पुरो तौरले परमेश्वरमा मात्र भरोसा राख्ने पाठ राम्ररी सिक्न पाउने थिएन होला – यो पनि एउटा अर्को कारण हुन सक्छ।

भविष्यका निम्ति राखिएका अझ उत्तम आशिषहरूका विषयमा बताउनालाई परमेश्वरले अब्रामलाई लूतबाट छुटयाउने काम गर्नु पर्‍यो। हाम्रा आफ्ना लूतहरूबाट छुट्टिएपछि मात्र हामी परमेश्वर पिताका अझ उत्तम उत्तम आशिषहरूका बारेमा थाहा पाउन सक्छौं। परमेश्वरसँगको हाम्रो जीवन यात्रामा कति चोटि हाम्रा लूतहरू नै हाम्रा बाधक बन्न सक्छन् र तिनीहरू हामीबाट छुट्टिएर गएकोमा नै हाम्रो भलाइ हुन्छ।

उत्पत्ति १३:१४-१७ मा लेखिएको छ, ‘लूत तिनीबाट अलग भएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, ‘अब तेरो आँखा उठाएर तँ भएको ठाउँबाट उत्तर, दक्षिण, पूर्व र पश्चिमतिर हेर। किनकि तैंले देखेका सबै ठाउँ म तँलाई र तेरा सन्तानलाई सधैंको निम्ति दिनेछु। म तेरो सन्तानलाई पृथ्वीको धुलो सरह बढाउनेछु। यहाँसम्म कि कसैले पृथ्वीको धुलो गन्न सक्छ भने तेरो सन्तान पनि गन्न सक्नेछ। उठ, देशको चारैतिर जा किनकि म त्यो तँलाई दिनेछु।’

लूत अब्रामबाट अलग भएपछि परमप्रभुले तिनलाई चारवटा आज्ञा दिनुभयो। ती चार आज्ञाहरू यिनै हुन्-

१) **‘अब तेरो आँखा उठा,’**
२) **‘उत्तर, दक्षिण, पूर्व, पश्चिमतिर हेर्,’**
३) **‘उठ,’**
४) **‘चारैतिर जा।’**

२०१३ साल बिताएर हामी जसै नयाँ सालमा प्रवेश गरेका छौं। परमप्रभु हामीलाई पनि यिनै आज्ञाहरू दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, ‘तिमीहरूले मेरा यी आज्ञाहरू पालन गर्‍यौ भने म मेरा आशिषहरू तिमीहरूलाई र तिमीहरूका सन्तानहरूलाई सधैंको निम्ति दिनेछु।’ अब्रामको लागि कनान देश प्रतिज्ञाको देश, आशिषको देश थियो, हाम्रो निम्ति त्यो देश प्रतिज्ञाको जीवन, आशिषको जीवन हो। हाम्रा निम्ति परमेश्वरले राखिदिनुभएका ती उत्तम उत्तम आशिषहरू प्राप्त गर्नालाई हामीले उहाँका यी आज्ञाहरू पालन गर्नुपर्छ।

### “अब तेरो आँखा उठा”

कुखुरा-पोथीले फोहोर-कसिंगरमा आँखा गाडेर त्यसलाई चाहिएका खानेकुरा खोजिराखेझैं अब हामीले संसारतिर मात्र हेरेर बसिरहने समय छैन। ऊकाव पक्षीले झैं सूर्यतिर फर्केर माथि माथि बादल पारिको घमाइलो देशतिर आँखा उठाउने समय आएको छ। कलस्सी ३:१-२ ले भन्दछ, ‘यसकारण यदि तिमीहरू खीष्टसँगै बिउँतिएका छौ भने माथिका कुराहरू खोज जहाँ खीष्ट हुनुहुन्छ र परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ। माथिका कुरामा मन लगाओ, पृथ्वीमा भएका कुरामा होइन।’

१ यूहन्ना २:१५-१७ - ‘संसारलाई प्रेम नगर न ता संसारमा भएका कुनै चीजलाई प्रेम गर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकि संसारमा भएका जुनसुकै कुरा पनि अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पितातर्फको होइन तर संसारतर्फको हो। औ संसार बितिजान्छ, र त्यसको अभिलाषा पनि बितेर जान्छ तर परमेश्वरको इच्छाबमोजिम गर्नेचाहिँ सधैंभरि रहिरहन्छ।’

### “उत्तर, दक्षिण, पूर्व, पश्चिमतिर हेर्”

परमप्रभुले अब्रामलाई भन्नुभयो, “तैंले देखेका सबै ठाउँ म तँलाई र तेरा सन्तानलाई सधैंको निम्ति दिनेछु।” तिनले देखेका सबै ठाउँ परमप्रभुले दिनुहुनेछ भन्ने प्रतिज्ञा पाएपछि अब्रामले केही ठाउँ छुट्ला कि भन्ने डरले कति सावधानीसँग आँखा उठाएर चारैतिर कति नियालेर हेरे होलान्। हामीले पनि परमप्रभुले हाम्रो निम्ति स्वर्गीय स्थानहरूमा ‘खीष्टमा’ राखिदिनुभएका आशिषहरू विश्वासका आँखाले हेर्नुपर्ने हो। ती आशिषहरू हाम्रा शरीरका आँखाले देख्न सकिँदैनन्। २ कोरिन्थी ४:१८ मा लेखिएको छ, ‘हामी देखिने कुरालाई होइन तर नदेखिने कुरालाई हेर्दै रहन्छौं, किनभने देखिने कुराहरू लौकिक मात्र हुन् तर नदेखिने कुराहरूचाहिँ अनन्त हुन्। २ कोरिन्थी ५:७ ले भन्दछ, हामी दृष्टिले होइन तर विश्वासले हिँड्छौं।’ शारीरिक आँखाले देख्न नसकिने कुरालाई हामी विश्वासको आँखाले मात्र देख्न सक्छौं। शरीरको आँखाले रोग देख्छ, विश्वासको आँखाले आरोग्यता देख्छ। शरीरको आँखाले अभाव देख्छ, विश्वासको आँखाले प्रशस्तता देख्छ। शरीरको आँखाले हार देख्छ, विश्वासको आँखाले विजय देख्छ। शरीरको आँखाले असफलता देख्छ, विश्वासको आँखाले सफलता देख्छ। शरीरको आँखाले मृत्यु देख्छ, विश्वासको आँखाले पुनरुत्थान देख्छ। शरीरका आँखाले हामी संसारमा रोग-बिमार, दुःख-कष्ट, लडाईं-झगडा, घटी-अभाव, अन्याय-अत्याचार, अशान्ति-बेचैनी मात्र

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| पौष २७ गते<br>जनवरी ११ ता. | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्रीमती<br>रामशिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>दिल थापा | पाष्टर<br>बी. बी. खवास | डीकन<br>नवराज के.सी | श्री<br>शरन राई |
| माघ ४ गते<br>जनवरी १८ ता. | डीकन<br>घनश्याम दहाल | श्री<br>सिद्धि खालिङ | एल्डर<br>गणेश शामुएल क्षेत्री | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>बाबुराम के.सी. | श्री<br>पुरुषोत्तम न्यौपाने |
| माघ ११ गते<br>जनवरी २५ ता. | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>अशोक मुखिया | श्री<br>रमेश लामा | पाष्टर<br>रोल्याण्ड रोंगोंग | डीकन<br>घनश्याम दाहाल | संयुक्त सेवा<br>लालितपुर चर्च | संयुक्त सेवा<br>लालितपुर चर्च |
| माघ १८ गते<br>फेब्रुवरी १ ता. | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>बी. बी. खवास | एल्डर<br>रुबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

देख्छौं । जुन कुराहरू हामी देख्छौं, तिनै कुराहरू हामी पाउँछौं । परमप्रभुले अब्रामलाई भन्नुभएझैं हामीले देखेका सबै कुरा परमप्रभुले हामीलाई र हाम्रा सन्तानलाई सधैंको निम्ति दिनु हुनेछ । संसारका मानिसहरूले झैं हामी पनि शरीरका आँखाले यी कुराहरूलाई मात्र हेरेर हतास-निराश बन्न पर्दैन । खीष्टमा अब हाम्रो आत्मिक अन्धोपना हटेर गएको छ । आत्मिक हिसाबले अघि हामी अन्धा थियौं भने अब देख्ने भएका छौं । अब हामीले खीष्टमा भएर विश्वासका आँखाले आनन्द, शान्ति, स्वास्थ्य-तन्दुरस्ती, प्रशस्तता, स्वतन्त्रता, विजय, सफलता जस्ता आशिषका कुराहरूतर्फ हेर्ने आदत बसाल्नपर्छ कारण हामीले विश्वासका आँखाले देखेका सबै कुरा परमप्रभुले हामीलाई दिनुहुनेछ ।

**"उठ्"**

बितेका दिनहरूका थुप्रै काम-धन्दा, अथक परिश्रम, धेरै व्यस्तताले गर्दा तपाईं अत्यन्तै थकित भइसक्नुभएको होला । सबै किसिमका दुःख-कष्ट, चिन्ता-फिक्री, अरू समस्याहरूको कारणले तपाईं एकदमै थाकिसक्नुभएको होला । कति विघ्न बाधाहरूले, असफलताहरूले तपाईंलाई निराश बनाएको होला । 'अब योभन्दा बढी सहन सक्तिनँ 'भनेर तपाईं अत्यन्तै हतोत्साह बनी थचक्क बसिराख्नुभएको होला । यदि तपाईं यस्तो अवस्थामा पुगिसक्नुभएको छ भने पनि परमप्रभु तपाईंलाई भन्दै हुनुहुन्छ,' उठ्, प्रकाशमान हो किनकि तेरो ज्योति आएको छ, परमप्रभुको महिमा तँमाथि उदाएको छ । किनभने हेर्, अँध्यारोले पृथ्वीलाई र निष्पट्ट अँध्यारोले मानिसहरूलाई ढाक्नेछ । तर तँमाथि परमप्रभु प्रकाश हुनुहुनेछ र उहाँको महिमा तँमाथि प्रकट हुनेछ' (यशैया ६०:१-२) । हाम्रो निम्ति यो समय हरेस खाएर निराश भएर बस्ने समय होइन । यसैले एफिसी ५:१४ मा पनि यस्तो भनिएको छ, "ए निदाउने, बिउँझी र मूर्दाहरूबाट उठ् र खीष्टको ज्योति तँमाथि चम्कनेछ ।"

**"चारैतिर जा"**

अब्रामको निम्ति परमप्रभुको पछिल्लो आज्ञा थियो, 'चारैतिर जा ।' आँखा उठाएर चारैतिर हेरेपछि अब उठेर बसिरहने मात्र होइन तर चारैतिर जाने आज्ञा पनि परमप्रभुले दिनुभयो । टाढाबाट हेरेर मात्र भएन, गएर अधिकारमा ल्याउने ठाउँ आफ्नो पैंतालाले टेक्नुपर्छ । व्यवस्था ११:२४ मा 'तिमीहरूका पाइलाले टेकेको हरेक ठाउँ तिमीहरूको हुनेछ' भन्ने मोशाले प्रतिज्ञाको मुलुकमा पाइलाले टेक्न पाएनन् । तिनले टाढैबाट त्यो देश हेर्न मात्र पाए । व्यवस्था ३४:४ अनुसार नबो पर्वतको पिस्गा टाकुराबाट यर्दन पारिको कनान देश देखाएर परमप्रभुले मोशालाई भन्नुभयो, "तेरो भावी सन्तानलाई दिनेछु भनी मैले अब्राहाम, इसहाक र याकूबसित प्रतिज्ञा गरेको देश यही हो । मैले तँलाई यो तेरै आँखाले हेर्न दिएँ तर तँ त्यहाँ जान पाउने छैनस् ।" परमप्रभुले मोशालाई त्यो देश अधिकार गर्न दिनुभएको भएता पनि तिनले त्यो देश अधिकारमा ल्याउन सकेनन् । यो तिनको लागि एकदमै दुःखमयी अनुभव थियो । पछि यहोशूलाई परमप्रभुले यहोशू १:३ मा यही कुरा यसरी भन्नुभयो, "मैले मोशालाई भनेझैं तिमीहरूका पैंतालाले कुल्चिने सबै जग्गा मैले तिमीहरूलाई दिएको छु । हामी यहोशू २१:४३ मा पढ्छौं, "यसरी परमप्रभुले इस्राएलीहरूलाई दिन्छु भनी तिनीहरूका पुर्खाहरूसँग प्रतिज्ञा गर्नुभएको सबै देश दिनुभयो । तिनीहरूले त्यो आफ्नो अधिकारमा लिएर त्यसमा बसे ।" खीष्टमा हाम्रा निम्ति राखिएका स्वर्गीय आशिषहरू टाढाबाट हेरेर मात्र हामीले चित्त बुझाउनु हुँदैन । मोशाले झैं टाढाबाट हेर्ने मात्र होइन, यहोशूले झैं गएर आफ्ना पैंतालाले कुल्चेर अधिकारमा ल्याउने काम हामीले गर्नुपर्छ । यसको निम्ति हामी २०१४ सालमा अझ जोशिलो भएर अघि बढेर जानुपर्छ । २०१३ सालमा पाएका आशिषहरूका निम्ति हामी परमप्रभुलाई धेरै धेरै धन्यवाद चढाऔं र २०१४ सालका लागि उहाँले राखिदिनुभएका ती ठूला ठूला अझ उत्तम आशिषहरू प्राप्त गर्नालाई अगि बढौं । उहाँका आज्ञानुसार हामी आफ्ना आँखा उठाऔं – उत्तर, दक्षिण, पूर्व, पश्चिम चारैतिर हेरौं – उठौं – र अगि बढौं । हाम्रा आँखाले नदेखेका, कानले नसुनेका, हाम्रा मनले नसोचेका उहाँका ठूला ठूला उत्तम आशिषहरू पवित्र आत्माद्वारा हामी प्राप्त गर्न सक्छौं । यसैको निम्ति हामी बोलाइएका हौं ।

## जानकारी

१) मंसीर ६ गते□/डिसेम्बर २१ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा ९ जना र नेइम धापासी मण्डलीमा १२ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

२) मंसीर २९ गते□/डिसेम्बर १४ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ३५ जना बाल-बालिकाहरूको बाल आर्पण भयो ।

३) मंसीर २९ गते□/डिसेम्बर १४ तारिख शनिबार नेइम सिर्जनानगर मण्डलीमा ३२ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

४) मंसीर ३० गते□/डिसेम्बर १५ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा २६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५) पौष ७ गते/डिसेम्बर २२ तारिख नेइम जोरपाटी मण्डलीमा २१ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

६) पौष १३ गते□/डिसेम्बर २८ तारिख शनिबार नेइम नगरकोट मण्डलीमा ७ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभायो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी |
|---|---|---|---|---|---|---|---|
| पौष २७ गते जनवरी ११ ता. | पाष्टर महेश थान्जू | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल साप्कोटा | एल्डर जमान घलान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च |
| माघ ४ गते जनवरी १८ ता. | **संयुक्त सेवा जोरपाटी चर्च** पाष्टर, महेश थान्जू | | | | | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बी. एन्. पण्डित |
| माघ ११ गते जनवरी २५ ता. | एल्डर सागर थापा | एल्डर दानिएल साप्कोटा | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर जमान घलान | एल्डर बी. एन्. पण्डित | सुश्री रन्जना ढुङ्गेल |
| माघ १८ गते फेब्रुवरी १ ता. | पाष्टर महेश थान्जू | एल्डर गोपी राई | एल्डर जमान घलान | एल्डर दानिएल साप्कोटा | एल्डर अष्ट श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर एल. पी. न्योपाने |

## हार्दिक शुभकामना



आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक यही पौष २६ गते/जनवरी १० तारीक शुक्रबार ८८ वर्ष पूरा गरी ८९ औं वर्षमा प्रवेश गर्नुभएकोमा नेइम परिवारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं साथै उहाँको जीवनको आशिषमय सेवकाइको निम्ति परमेश्वर पितालाई धन्यवाद चढाउँछौं । आगामी दिन र वर्षहरूमा पनि उहाँको सेवकाइ र जीवनको सबै यात्राहरूमा पवित्र आत्माको भरपूरी र परमेश्वरबाटको अझ प्रशस्त आशिषको निम्ति प्रार्थना गर्दछौं ।

### जानकारी

आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबा यही माघ ७-९ गते/जनवरी २१-२३ तारिख मंगलबार देखि बिहिबारसम्म भारतको सिक्किममा हुने मण्डली सम्मेलनमा वचनको सेवकाइको लागि पौष २८ गते/जनवरी १२ ता. आइतबार जाँदै हुनुहुन्छ उहाँको यात्रा अनि सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

### जानकारी



मैतिदेवी बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीकी सदस्या श्रीमती कृष्ण माया खड्गी ७५ वर्षको उमेरमा मंसीर २८ गते/डिसेम्बर १३ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।



लगन बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीकी सदस्या श्रीमती करुणा कुमारी जी. सी. ४९ वर्षको उमेरमा पौष ६ गते/डिसेम्बर २१ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

## हार्दिक वधाई



मंसीर २३ गते/डिसेम्बर ८ तारिख नेइम ज्ञानेश्वर चर्चको सदस्या सुश्री कल्पना सुनुवार र मंगलबारे ब्याप्टिस चर्च जय गाउँ भारत का श्री शंकर राईको नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान/श्रीमती शंकर/कल्पना राईलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



पौष १४ गते/डिसेम्बर २९ ता. आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री तेजन गुरुङ्ग र सुश्री बाल कुमारी मोक्तानको नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान/श्रीमती तेजन/बाल कुमारी गुरुङ्गलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

पौष ७ गते/डिसेम्बर २२ ता. आइतबार नेइम गोंगबूँ चर्चको सदस्य श्री धिरज तामाङ्ग र नेइम साहुगाउँ मण्डलीकी सदस्या सुश्री सरिता तामाङ्गको नेपाली इसाई मण्डली साहुगाउँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान/श्रीमती धिरज/सरिता तामाङ्गलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### हार्दिक अनुरोध

**२०१४ मा नेइम कार्यकारिणी र नेइम परिषद्को बैठक निम्न मितिमा राखिएको हुनाले नेइम अन्तर्गतका व्यवस्थापन तथा विभागहरूले सो मितिमा कुनै पनि कार्यक्रमहरू नराखिदिनुहुन अनुरोध गर्दछौं ।**

**फागुण ७ गते/फेब्रुवरी १९ ता. बुधबार नेइम कार्यकारिणीको बैठक नेइम गोंगबूँ मण्डली**

**जेष्ठ १५ गते/मे २९ ता. बिहीबार नेइम कार्यकारिणीको बैठक नेइम जोरपाटी मण्डली**

**असार २२ गते/जुलाई ६ ता. आइतबार नेइम परिषदको बैठक नेइम ज्ञानेश्वर मण्डली**

**असोज ९ गते/सेप्टेम्बर २५ ता. बिहीबार नेइम कार्यकारिणीको बैठक नेइम ललितपुर मण्डली**

**मंसीर २१ गते/डिसेम्बर ७ ता. आइतबार नेइम परिषदको बैठक नेइम ज्ञानेश्वर मण्डली**

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २१ 5<br>परप्रभु परमेश्वरले राखिदिनुभएका आशिषहरू उपभोग गर्दै आशिष बन्नको निम्ति विश्वासको कदम बढाउन सकौं ।<br>**एफिसी १:३, यहोशू १: ३-५** | २८ 12<br>नेइम परिषदका गुरुजनहरू परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाईमा मण्डलीलाई डोऱ्याउन सकून ।<br>**एफिसी ४:१-४** | ५ 19<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>**प्रेरित ११:२४** | १२ 26<br>मण्डलीलाई अगुवाइ गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>**१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५** |
| **सोमबार**<br>**Monday** | २२ 6<br>खीष्टमसको अवसरमा विभिन्न माध्यमद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**१ तिमोथी २:३-६** | २९ 13<br>परमेश्वरको प्रेम चाखेर पनि फेरि संसारति फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>**लूका १५:११-२४** | ६ 20<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवाकाईको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>**१ पत्रुस ५:२-४** | १३ 27<br>यो वर्ष नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाई मागौं ।<br>**यशैया ४५:१-४, ५४:२-३** |
| **मंगलबार**<br>**Tuesday** | २३ 7<br>आफूले पाएका विभिन्न वरदानहरू मण्डली निर्माणको प्रेम, विश्वास र नम्रतामा सबैले परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>**रोमी १२:३-८, १ कोरिन्थी १३:१-३** | ३० 14<br>आत्मिक सेवामा प्रभुले दिनु लाग्नु भएका ठूल-ठूला आशिषहरूका निम्ति मण्डलीको विश्वास अझ बढेर गएकोहोस् ।<br>**१ कोरिन्थी २:९** | ७ 21<br>यो वर्ष सुसमाचार प्रचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून् ।<br>**२ कोरिन्थी ५:१७-२१, भजन १२६:५-६** | १४ 28<br>प्रभुको नाउको खातिर दुःख, कष्ट, सतावत भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**२ कोरिन्थी १२:९-१०, रोमी ८:३६-३९** |
| **बुधबार**<br>**Wednesday** | २४ 8<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिंदै एकआपसको घनिष्ठताको साथै प्रभु प्रतिको प्रेममा सबै जना अझ बढेर जान सकौं ।<br>**कलस्सी ३:१४-१७, हिब्रू १०:२४-२५** | १ माघ 15<br>उपवास प्रार्थना सभाहरू साथै अन्य प्रार्थना सभाहरूमा चढाइएको प्रार्थनाद्वारा मण्डलीमा ठूलो आत्मिक जागृती आएको होस् जसको कारण मण्डली देशमा आशिषको कारण बन्न सकून् ।<br>**मत्ती २१:२२, मर्कूस ११:२४** | ८ 22<br>यो वर्ष धेरै अधुरो परिवारहरू पूरा हुन सकून् साथै धेरैले पानीको बप्तिस्मा लिन सकून्<br>**यशैया ५१:२, प्रेरित १६:३१** | १५ 29<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, शुरू भएको संगति मण्डलीको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>**उत्पत्ती १२:१-२, मत्ती ६:३३** |
| **बिहीबार**<br>**Thursday** | २५ 9<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>**रोमी १४:१९** | २ 16<br>मण्डलीका जवानहरू परमेश्वरबाटको बिभिन्न सेवाकाईको बोलावटमा आज्ञाकारी हुनलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यर्मिया १:४-१०, योएल २:२८** | ९ 23<br>प्रार्थना, प्रशंसा, वचन पढाइ, सुसमाचार प्रचारको क्षेत्रमा मण्डली अझ जागृत हुन सकून् ।<br>**२ तिमोथी ३:१४-१७, कलस्सी २:६-७** | १६ 30<br>मण्डली परमेश्वर प्रतिको प्रेममा धन्यवादीभई आफ्नो कमाइको दशांस तथा अन्य भेटी इमान्दारी पूर्वक प्रभुको भण्डारमा ल्याउन सकून् ।<br>**२ कोरिन्थी ९::६-११** |
| **शुक्रबार**<br>**Friday** | २६ 10<br>आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसामा अगुवाई र सुसमाचार प्रचार गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | ३ 17<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीले कार्यक्रमको रुपमा मात्र नलिएर आत्मिक रूपमा बढ्दै जाने सेवा संगतिको तिर्खा र भोक लिएर सेवा संगतिमा आउन सकून् ।<br>**मत्ती ४:४, यूहन्ना ७:३७-३८** | १० 24<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>**२ इतिहास २०:२१-३०** | १७ 31<br>विभिन्न सेवा संगति तथा आराधना सेवामा सुनेका वचनहरूमा मण्डली आज्ञाकारी हुन सकून् ।<br>**याकूब १:२२-२५** |
| **शनिबार**<br>**Saturday** | २७ 11<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्दै जान सकून् ।<br>**प्रेरित १:८, २:४२-४७** | ४ 18<br>मण्डलीका सबै बाल बालिकाहरू परमेश्वरबाट आशिष पाएकाहरू भई सानै उमेरमा नै असल साक्षी भई परमेश्वरलाई महिमा दिन सकून् ।<br>**यशैया ६१:९** | ११ 25<br>मण्डलीका अभिभावकहरूले आफ्ना बाल बालिकाहरूलाई प्रभुको शिक्षा, अनुशासन र प्रेममा हुर्काउन सकून् ।<br>**व्यवस्था ६:४-७, एफिसी ६:४** | १८ Februay 1<br>परमप्रभु परवमेश्वरले उहाँको प्रेम र अनुग्रहमा मण्डलीलाई दिनुभएको सबै आशिषहरूको निम्ति सबै आदर, भक्ति र महिमा उहाँलाई चढाऔं ।<br>**भजनसंग्रह ५०:२३** |